सरुमारानी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः३,संख्याः२ बैशाख ३१ गते ,२०७६ साल

## भाग-२

## सरुमारानी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) वमोजिम सरुमारानी गाउँपालिकाले बनाएको कानून उपदफा (३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सरुमारानी गाउँपालिका वडा नं. २

विपन्न तथा अशक्त बाल कल्याण कार्यक्रम

संक्षिप्त पृष्ठभुमि ः सामाजिक विकास नै देश को विकास र समृद्धिको मुल आधार हो हरेक व्यक्तिको व्यक्तिगत चेतना ज्ञान र सिपको को विकास ले सामाजिक विकासलाई टेवा दिन्छ त्यसैले सरकार ले माध्यमिक शिक्षा निशुल्क भनेर सार्वजनिक गरेको छ तर पनि कतिपय गरिवि , विपन्नता , अशक्तता र असहाय भएका कारणले बालबालिकाहरु प्रारम्भ मै शिक्षा आर्जन बाट वञ्चित भएका छन् यो वस्तुगत सत्यतालाई ठहर गरी अभावका परिपुर्ति गर्न बाल कल्याण कार्यक्रम संचालन गर्नुलाई अपरिहार्यता बोध गरी सरुमारानी गाउँपालिका २ नं. वडा समिति ले गाउँपालिका बाट आ.व. २०७५/७६मा संचालित एक वडा दुई अभियान अन्तर्गत को एक अभियान को रुपमा बालकल्याणकोष स्थापना लाई निर्णय गरी कार्यान्वयन चरणमा ल्याएको छ ।

१. नाम ः यस कार्यक्रमको नाम विपन्न तथा अशक्त बाल कल्याण कार्यक्रम र स्थापना गरिने कोषको नाम विपन्न तथा अशक्त बाल कल्याण कोष रहेको छ ।

२. उद्देश्य ः यस कार्यक्रम ले प्रत्येक आ.व.मा यसलाई निरन्तर वृद्धि र विकास गर्दै लैजाने र चालु आ.व.मा कक्षा १‘३ मा लागु गरेपनि त्यसपछि क्रमशः १‘५ ,१‘८ ,१‘१० हुँदै १‘१२ सम्म सोही सेवा सहयोग प्रदान गर्दै जाने उद्देश्य राखीएको छ ।

३. लक्ष्य ः सरुमारानी गाउँपालिका को २ नं. वडामा शिक्षा आर्जन गर्न जागरुक हुँदा हुँदै पनि गरिवि , अशक्ततता , अपाङ्गता र असहाय भएको कारणले कोही पनि बालबालिका शिक्षाको ज्योति बाट वञ्चित रहनु हुँदैन ।

४. कार्यक्रम संचालन कार्यविधि ः

क) कार्यक्रम र कार्यविधि को स्वीकृति ः सरुमारानी गाउँकार्यपालिकाबाट वडा नं. २ को विपन्न तथा अशक्त बाल कल्याण कार्यक्रम र कार्यविधि स्वीकृत भएपछि संचालन गरिनेछ ।

ख) विपन्न तथा अशक्त बाल संरक्षण समिति देहाय बमोजिम गठन गरिनेछ ।

संरक्षक ः वडाअध्यक्ष

सदस्य ः वडा समिति का सबै सदस्यहरु

सदस्य ः वडाका सबै बाल विकास देखि मा.वि. सम्मका सबै प्र.अ.हरु

सदस्य ः  गाउँपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख

सदस्य ः वडा स्तरिय बाल संजालको अध्यक्ष

सदस्य सचिव ः वडा सचिव

ग) तथ्याङ्क संकलन ः गाउँपालिकाले संकलन गरेको तथ्याङ्क बाट यस वडा को तथ्याङ्क उतार गरी सोको आधार मा प्रत्येक विद्यालयको श्रोत क्षेत्र को घरधुरी बाट यस कार्यक्रमको लक्षित वर्गको तथ्याङ्कलाईलाई निश्चित गरिनेछ । जसको आधारमा शैक्षिक सत्र शुरुहुनु भन्दा १ महिना अगाडी समितिले तथ्याङ्क अद्यावधिक गरी सोही आधारमा आगामी शैक्षिक सत्रको वार्षिक बजेट तथा कार्ययोजना तय गर्ने ।

घ) सहयोग प्रदान गर्ने बालबालिकाको मापदण्ड ।

सरुमारानी गाउँपालिका वडा नं.२ मा बसोबास गर्ने र वडा नं. २ मा रहेका बालविकास केन्द्र,आधार

भुत र माध्यमिक विद्यालयमा  कक्षा १'३ मा अध्ययनरत विद्यार्थी को हकमा तपसिल बमोजिमको

मापदण्ड पुगेको र विपन्न तथा अशक्त बाल संरक्षण समिति ले निर्णय गरेका विद्यार्थीको हकमा लागु

हुनेछ ।

१. गा.पा.द्धारा संकलित तथ्याङ्कको आधारमा अति विपन्न र विपन्न परिवार ।

२. परिचय पत्र भएका अशक्त र अपाङ्ग बालबालिकाहरु ।

३. एकल महिलाका बालबालिकाका हरु ।

४. आमा बाबु बिहिन असहाय बालबालिबाहरु ।

ङ) सहयोग प्रदान गर्ने सामग्रीहरु ।

१. स्कुल ड्ेस ।

२. कापी पेन्सिल र डट्पेन ।

३. स्कुल ब्याग ।

५. बाल कल्याण कोषको स्थापना र यसको श्रोत ।

क) गा.पा. बाट संचालित एक वडा दुई अभियान कार्यक्रम अन्तर्गत सरसफाई बाहेकको रकम ।

ख) वडा समितिका सबै सदस्यहरुको वर्षमा १ महिनाको पारिश्रमिक ।

ग) उद्योगी ,यातायात व्यवसायी र व्यापारी बाट सहयोग उठाएको रकम ।

घ) प्रत्येक आ.व.मा गाउँपालिकाबाट कोषको लागि विनियोजन हुने रकम ।

ङ) चालु आ.व.मा गाउँकार्यपालिकामा प्रस्ताव गर्ने रकम ।

च) सरकारी गैरसरकारी तथा दातृ निकाय सँग माग गर्ने रकम ।

६. श्रोत परिचालन र व्यवस्थापन ।

क) संरक्षक र वडा सचिवको नाममा स्थानीय बैंकमा खाता खोली खातामा रकम जम्मा गरी

आय व्यय सोही खाता बाट संचालन गरिनेछ ।

ख) विपन्न तथा अशक्त बाल कल्याण संरक्षण समितिको प्रत्येक चार महिनामा हुने बैठकमा

चौमासिक आय व्यय प्रतिवेदन पेश गरी अनुमोदन गरिनेछ ।

७. अनुगमन समिति

अनुगमन समिति देहाय बमोजिमको रहनेछ ।

संयोजक ः गाउँपालिका उपाध्यक्ष

सदस्य ः कार्यपालिका बाट २ जना

सदस्य ः गा.पा. स्तरिय बाल सजाल अध्यक्ष

सदस्य ः प्रमुख प्रशासकिय अधिकृत